Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## योजना शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

प.नं. ०७५/७६
च.नं. १३५४

**मिति :- २०७५/१०/१८**

**विषय :- फोहर राख्ने भाँडा (Dust Bin) खरिद सम्बन्धि सिलबन्दि दरभाउ-पत्र आह्वानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति :- २०७५/१०/१८

बेसीशहर नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम नगरक्षेत्रभित्रका बजारहरुमा फोहर संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि **फोहर राख्ने भाँडा (Dust Bin)** खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट निम्न लिखित शर्तहरुका अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, नागरिकताको प्र.प., स्वघोषणापत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**देहाय**

| ठेक्का नं. | विवरण | न्युनतम लागत इष्टिमेट अङ्क मु.अ.क. समेत | दरभाउ-पत्र फाराम दस्तुर | दरभाउ-पत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|
| ०७५/०७६/०९ | SWING BIN 32Ltr. (५०० गोटा) | ९,०४,०००।०० | १०००। (एक हजार) | १५ दिन भित्र |
| | SQUARE SWING BIN 40Ltr (५०० गोटा) | | | |
| | Dust Bin मा टाँस्ने स्टिकर (१००० गोटा) | | | |

**शर्तहरु**

१. दरभाउ-पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म रु.१०००। (एकहजार) मात्र (पछि फिर्ता नहुने) तिरी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउ-पत्र १६ औं दिन दिनको १२.०० बजे भित्र तोकिएको धरौटी सहित दर्ता गराइसक्नु पर्नेछ ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु विभिन्न प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २.०० बजे खोलिनेछ । दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन ।

४. धरौटी बापत स्वीकृत लागत अनुमान रकमको ३ (तीन) प्रतिशत रकम रु. २७,२००।०० (सत्ताइस हजार दुईसय) जमानत वापत रा.बा.बैंक बेसीशहरबाट पचहत्तर दिनको मान्य अबधि रहेको बैंक जमानत-पत्र (बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ ।

५. कुनै शर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको, शिलबन्दी नगरेको, प्रतिलिपी प्रमाणित नगरिएको, दरभाउ-पत्र माथि कुनै कारबाही हुनेछैन ।

६. दरभाउ-पत्रमा दररेट उल्लेख गर्दा स्पष्ट बुझिने र केरमेट नगरी अंक अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ ।

७. दरभाउ-पत्र खरिद गर्ने, दर्ता गर्ने, तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै कार्यालयको फोन नं. ०६६-५२०१५० मा जानकारी लिन सकिनेछ ।

भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत